**Patan Pragya** *(Volume: 11, Number: 2, 2022)* *ISSN 2594-3278*

Received Date: Oct. 2022 Revised: Nov.2022 Accepted: Dec. 2022

*Doi-https://doi.org/10.3126/pragya.v11i02.52178*

# उपन्यासको वर्गीकरण

**डा. महेन्द्रकुमार मल्ल***

## सार

*उपन्यास जीवनको समग्रतालाई अभिव्यक्त गर्ने साहित्यको लोकप्रिय विधा हो । यो कथानक, चरित्र, वातावरण, दृष्टिबिन्दु, संवाद, भाषाशैली र उद्देश्य जस्ता तत्वहरूको यौगिक प्रक्रियाबाट संरचित हुने कलात्मक सौन्दर्ययुक्त गद्य आख्यान हो । लेखकीय रूचिअनुसार उपन्यासको स्वरूप, प्रवृत्ति संरचना र विषय पृथक् पृथक् हुन्छ । त्यसैले उपन्यास विविध प्रकारका हुन्छन् । त्यसलाई वर्गीकरण गर्ने आधारअनुसार उपन्यासलाई छुट्याउन सकिन्छ । यसलाई विभिन्न आधारहरूबाट विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ । जस्तो, उपन्यासमा अभिव्यक्त विषय र जीवनका आधारमा सामाजिक, मनोवैज्ञानिक, ऐतिहासक, साहसिक, जासुसी-तिलस्मी ऐयारी, सांस्कृतिक, राजनीतिक, आञ्चलिक, वैचारिक गरी विविध प्रकारका उपन्यास हुन्छन् । कथातत्वको प्रधानताका आधारमा उपन्यासलाई घटनाप्रधान, चरित्रप्रधान र वातावरणप्रधान गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । त्यसै गरी शैलीका आधारमा उपन्यासलाई वणर्नात्मक,नाटकीय, आत्मकथात्मक, पत्रात्मक र डायरी गरी पा“च भागमा वर्गीकरण गर्न सकिन्छ । पहिलो आधारमा उपन्यासमा कस्तो जीवन चित्रित छ भन्ने विषयआउँछ भने दोस्रो आधारमा उपन्यासका प्रमुख संरचना तत्वहरूमध्ये उपन्यासमा कुनलाई बढी महत्व दिइएको छ भन्ने विषय आउ“छ । त्यसैगरी तेस्रो आधारमा उपन्यासमा कुन शैली आएको छ भन्ने विषय रहन्छ ।*

**प्रमुख शब्दहरू :** विषयवस्तु, शैलीशिल्प, आञ्चलिक,वातावरणप्रधान, मिथकीय

## विषयपरिचय

उपन्यास साहित्यको एउटा महत्वपूणर् विधा हो । अङ्ग्रेजीमा उपन्यासलाई नोबेल (Novel) भनिन्छ । व्युत्पत्तिका आधारमा हेर्दा उपन्यास ‘अस्’ धातुमा ‘उप’ र ‘नि’ उपसर्ग तथा ‘घञ’ (अ) प्रत्यय लागि बनेको शब्द हो । ‘उप’ को अर्थ नजिक र ‘न्यास’ को अर्थ राख्नु भन्ने हुन्छ । त्यसैले पूर्वीयव्युत्पत्तिका आधारमा हेर्दा उपन्यासको अर्थ जीवन र जगतलाई नजिकबाट नियाल्ने साहित्यको विधा वा जीवनसंरचनालाई उद्धासित गर्ने विधा भन्ने हुन जान्छ । त्यसैगरी पश्चिमा मान्यतामा ग्रीसेली ‘नोभस’(Novel), इटालेली ‘नोबेला’ (Novllea) बाट अङग्रेजी ‘नोबेल’ (Novel) बनेको तर्क पाइन्छ । सन् १७१९ मा ड्यानियल डिफोले ‘रबिन्सन क्रुसो’ कृतिको रचना गरेपछिआधुनिक उपन्यास-लेखन प्रारम्भ हुन्छ । उपन्यास विधाले अङ्ग्रेजी साहित्यमा राम्रो प्रभाव पार्दै गएपछि यसको रचनाको क्षेत्र विस्तार हुँदैजा“दा नेपाली साहित्यमा पनि उपन्यास विधाले अस्तित्व प्राप्त गरेको हो (बराल र एटम, २०५८, पृ. २) । हाल साहित्यको यो विधा विश्वका सबै साहित्यमा ज्यादै लोकप्रिय रहेको छ ।

उपन्यास साहित्यको अत्यन्त लोकप्रिय विधा हो । यसले जीवन, युग र सभ्यतालाई भव्य र व्यापक ढङ्गले आत्मसात गरेको हुन्छ । यो विभिन्न ढङ्ग र ढाँचामा लेख्ने गरिन्छ । जीवनका कुनै पनि विषयक्षेत्र उपन्यासको विषयक्षेत्र बन्न सक्छ ।उपन्यासले जीवन र जगतलाई व्यापक रूपमा आफूभित्र समाहित गरेको हुन्छ । जीवनको आद्यन्तको चित्रण गर्ने उपन्यास विविध प्रकारका हुन्छन् । यिनलाई विविध आधारबाट विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ । जस्तो विषयवस्तुका आधारमा सामाजिक, राजनीतिक, ऐतिहासिक आदि विविध भागमा वर्गीकरण गरिन्छ । उपन्यासका प्रमुख तवहरूमध्ये कुन तत्त्वको उपन्यासमा वर्चस्व रहेको छ त्यसै आधारमा पनि उपन्यासलाई विविध प्रकारमा वर्गीकरण गर्न सकिन्छ । जस्तो, घटनाप्रधान उपन्यास, चरित्रप्रधान उपन्यास आदि । त्यस्तै उपन्यास संरचनाको शैली पनि भिन्न भिन्न प्रकारको हुन्छ ।

---

**डा. मल्ल सुर्खेत क्याम्पसमा कार्यरत हुनुहुन्छ ।*

लेखकको रुचिअनुसार उपन्यासको शैली निर्धारण भएको पाइन्छ । यस आधारमा पनि उपन्यासलाई विविध भागमा वर्गीकरण गर्न सकिन्छ । जस्तो, नाटकीय, वणर्नात्मक आदि शैलीका उपन्यास । यसरी उपन्यासको विषयक्षेत्र, तत्वगत प्रधानता र शैलीशिल्पका आधारमा उपन्यासलाई के कति भागमा वर्गीकरण गर्न सकिन्छ भन्ने अध्ययनयस लेखमा गरिएको छ । यही नै यस अध्ययनको औचित्य र महत्व हो । उपन्यासमा प्रयुक्त विषयवस्तु, शैली, र तत्वगत प्रधानताका आधारमा उपन्यासको वर्गीकरण गर्नु यस अध्ययनको सीमा हो ।

उपन्यास साहित्यको अत्यन्त लोकप्रिय विधा हो । यसले जीवन, युग र सभ्यतालाई भव्य र व्यापक ढङ्गले  आत्मसात गरेको हुन्छ । यो विभिन्न ढङ्ग र ढाँचामा लेख्ने गरिन्छ । यसमा अनेकौ विषयवस्तु, शैलीशिल्प, बनोट र बुनोट रहेको हुन्छ । लेखकको शैलीपिच्छे, लेखकले भोगेको भोगाइ र अनुभवपिच्छे, औपन्यासिक तत्त्वहरूको प्रबलतापिच्छे उपन्यासका प्रकारहरू भिन्न भिन्न रहेका हुन्छन् । यसलाई विभिन्न विद्वानहरूले विविध आधारबाट विविध प्रकारमा विभाजन गरे पनि विषय, शैली र तत्वगत प्रधानताका आधारमा सूक्ष्म ढङ्गले उपन्यासको विभाजनमा केन्द्रित हुनु यस अध्ययनको महत्व र औचित्य हो ।

**समस्याकथन**

विषयवस्तुका आधारमा उपन्यासलाई के कति भागमा वर्गीकरण गर्न सकिन्छ ? कथतत्वका आधारमा उपन्यासलाई के कति भागमा वर्गीकरण गर्न सकिन्छ ? शैलीका आधारमा उपन्यासलाई के कति प्रकारमा वर्गीकरण गर्न सकिन्छ? भन्ने जस्ता समस्याहरू नै यस अनुसन्धानका समस्याहरू हुन् ।

**उद्देश्य**

विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण गर्नु, कथातत्वका आधारमा उपन्यासको वर्गीकरण गर्नु र शैलीका आधारमा उपन्यासको वर्गीकरण गर्नु यस अनुसन्धानका उद्देश्यहरू हुन् ।

**अध्ययनको विधि**

अध्ययनको क्रममा पुस्तकालय, प्रकाशन-गृह र पुस्तकपसलबाट सामग्रीहरूको सङ्कलन गरिएको छ । यस्ता सङ्कलित सामग्रीहरूलाई व्यवस्थित र क्रमबद्ध ढङ्गले अध्ययन गरी उपन्यास वर्गीकरणको आधार पहिल्याइएको छ र तिनलाई विविध प्रकारमा विभाजन गर्ने सुझ प्राप्त गरिएको छ । तत्पश्चात विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

**उपन्यासको वर्गीकरण**

उपन्यासलाई विभिन्न आधारहरूबाट विभिन्न भागहरूमा विभाजन गर्न सकिन्छ । दि. न्युइन्साइक्लोपेडियाले पिकारेस्क्यू, ऐतिहासिक, प्राकृतिक, सामाजिक, आध्यात्मिक, आञ्चलिक, मनौवैज्ञानिक गरी उपन्यासलाई सात भागमा विभाजन गरेको छ (ह्यारिस र लीभे, सन् १९७५, ः पृ.१६७२-१६७३) ।जोसेफ टि.सिप्लीले सामाजिक, ऐतिहासिक, समस्यामूलक, भावनात्मक, मनोवैज्ञानिक, नाटकीय आपराधिक, आञ्चलिक, प्रकारवादी, मध्यम वर्गीय र निम्न वर्गीय गरी उपन्यासलाई एघार भागमा विभाजन गरेको पाइन्छ (कैलाश प्रकाश, सन् १९६२ ः पृ. ४२) ।कृष्णहरि बराल र नेत्र एटमले उपन्यासलाई विषयवस्तुका आधारमा साहासिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक,मनोवैज्ञानिक, राजनीतिक, आञ्चलिक, वैचारिक, विज्ञान, जीवनीमूलक, मिथकीय, जासुसी गरी विभिन्न भागमा वर्गीकरण गरेका छन् (बराल र एटम, २०५८,पृ.५२) । यसरी उपन्यासलाई सामाजिक-आर्थिक, सामाजिक, आर्थिक-राजनीतिक, जासुसी, रोमाञ्चकारी, अपराधमूलक र साहसिक, जीवनीमूलक, आत्मकथात्मक, रोमानी-प्रेमाख्यानात्मक, ऐतिहासिक, पौराणिक आदि गरी चित्रित जीवन र विषयका आधारमा विभिन्न भागमा वर्गीकरण गरिएको छ ।

**विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण**

कृष्णहरि बराल र नेत्र एटमले उपन्यासलाई विषयवस्तुका आधारमा साहासिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनीतिक, आञ्चलिक वैचारिक, विज्ञान, जीवनीमूलक, मिथकीय, जासुसी गरी विभिन्न भागमा वर्गीकरण गरेका छन् ।

**ऐतिहासिक उपन्यास**

ऐतिहासिक उपन्यासको विषयवस्तु इतिहासबाट लिइएको हुन्छ । इतिहास सम्बद्ध घटना र पात्रहको छनोट गरी विगतमा घटेका महत्त्वपूणर् घटनाको बारेमा जानकारी दिइएको हुन्छ । इतिहासलाई कथाको विषयवस्तु बनाइएका उपन्यासनै ऐतिहासिक उपन्यास हुन् । इतिहासबाट कथानक र चरित्र लिइन्छ (बेन्टन तथा बेन्टन, सन् १९८१, पृ. २८६) । यस्ता उपन्यासमा इतिहासका महत्वपूणर्घटनाहरू उपन्यासको कथावस्तु बन्न सक्छन् । त्यस्तो घटना घटाउने व्यक्ति नै चरित्र हुन्छ । यसमा यथार्थ घटनाहरू कथामा आवद्ध हुन्छन् (फोर्ड, सन् १६८६,पृ. ७३१) । ऐतिहासिक उपन्यासमा इतिहासका महत्वपूणर् घटना, युग, साहसिक वीर पुरुषको चित्रण गरी ऐतिहासिक पर्यावरणको सिर्जना गरिन्छ । जुन समयलाई आधार बनाएर उपन्यासको रचना गरिएको हुन्छ । त्यही अनुसारको सामाजिक, राजनीतिक, आर्थिक, भौगोलिक चालचलन,प्रथा र परम्पराको चित्रण भएन भने ऐतिहासिक उपन्यास जीवन्त नहुन सक्छन् । उपन्यासकारलाई इतिहासको व्यापक अध्ययन मनन हुनु आवश्यक हुन्छ । उपन्यास भनेको घटनाको वणर्न मात्र नभएर कला पनि हो, त्यसैले यसमा उपन्यासकारको कल्पनाशक्तिले महत्वपूणर्भूमिका निर्वाह गरेको हुन्छ । उपन्यासकारले युग, व्यक्ति र घटनासत्यको अनुभूति दिएर उपन्यासलाई कलात्मक रूपमा प्रस्तुत गरेको हुन्छ । ऐतिहासिक सत्य र औपन्यासिक कला दुवैको दक्ष मिलन भएमा जीवन्त ऐतिहासिक उपन्यासको रचना हुन्छ । बितेको समयका विविध महत्वपूणर् विचारलाई नाटकीय रूपमा प्रस्तुत गरिन्छ (एलेन, १९९४,पृ. ११९-१२०) ।ऐतिहासिक उपन्यास व्यक्ति प्रतिनिधि, युग प्र्रतिनिधि र अतिरञ्जित गरी तीन प्रकारका हुन्छन् । ऐतिहासिक घटना वा चरित्रलाई वर्तमानस“ग सम्बन्धित बनाएर लेखिएको व्यक्ति प्रतिनिधि हो । बितेको समयलाई पुन ः सृजन गरिएको युग प्रतिनिधि उपन्यास हो । कुनै वीर पुरुषलाई चरित्रका रूपमा लिएर तिनको साहसिक, अतिरञ्जित वणर्न गरिएको अतिञ्जित उपन्यास हो (सिप्ली, सन् १९४३, पृ. ४०८) । ऐतिहासिक उपन्यासहरू वणर्नात्मक र नाटकीय शैली र वाहय दृष्टिबिन्दुमा प्रस्तुत गरिएको पाइन्छ ।डायमनसमसेर राणाको ‘वसन्ती’ ऐतिहासिक उपन्यास हो (प्रधान, २०५२,पृ.१२९) ।

**सामाजिक उपन्यास**

व्यक्ति व्यक्ति मिलेर बनेको समाजमा धनी, गरिब, सभ्य, असभ्य, सम्पन्न, विपन्न आदि वर्गका मानिसहरू हुन्छन् । उनीहरूले समय परिस्थितिअनुसार जीवनलाई अनुभूत गरेका हुन्छन् । उनीहरूका राजनीतिक, आर्थिक, धार्मिक, सामाजिक आदि विभिन्न अवस्थालाई विषयवस्तु बनाएर सामाजिक उपन्यासको रचना गरिन्छ। यस्ता उपन्यासहरूमा कुनै समयको आर्थिक, सामाजिक अवस्थाको अध्ययन हुन्छ (श्रीवास्तव, सन् १९६६,पृ. २४४) । यस्ता उपन्यासमा वर्ग सङ्घर्ष, दुःख-सुख, रिसराग, अन्याय अत्याचार आदि विभिन्न अवस्थाहरू आउ“छन् । सामाजिक जीवनका विकृति, विसङ्गति, सुख, दुख, प्रेम, विछोड आदि विषयहरू समेटिएका सामाजिक उपन्यास हुन् । रूद्रराज पाण्डेको ‘रूपमती’लैनसिंह वाङ्देलको ‘मुलुक बाहिर’, लीलबहादुर क्षेत्रीको ‘बसाइ“’ सामाजिक उपन्यास हुन् (बराल र एटम, २०५८,पृ.५४ ) ।

सामाजिक उपन्यासमा व्यक्ति, परिवार र समाजका यथार्थ घटनालाई प्रस्तुत गरिन्छ । आदर्शको चित्रण गरी मानवीय कोमल भावनाको प्रस्तुति दिई नीतिशिक्षा दिने उद्देश्य हुन्छ । सामाजिक उपन्यासहरू धैरै यथार्थवादी हुन्छन् । व्यक्तिको चरित्रभन्दा सामाजिक जटिलता, सङ्गति असङ्गतिजनक कुनै एक सिङ्गो समाजकै बाहय दृष्टिविन्दु र वणर्नात्मक र नाटकीय शैलीमा यस्ता उपन्यासहरू प्रस्तुत गरिन्छन् (त्रिपाठी, २०२८,पृ. १०५) ।

**साहसिक, जासुसी, तिलस्मी र ऐयारी उपन्यास**

साहासिक जासुसी, तिलस्मी र ऐयारी उपन्यासमा लेखकीय कल्पनाशक्तिले प्रचुर ठाउ" पाउने, रहस्य, चमत्कार, तिलस्मी एवम् जादुमयसाहसिक प्रवृŒिहरू रहेका हुन्छन् । जासुुसी उपन्यासमा भने रहस्य, चमत्कार, चोरी, हत्या, बलात्कार आदिको वणर्न गरिएको हुन्छ । असम्भव घटना वा अपत्यारिलो विषयवस्तुलाई तिलस्मी उपन्यासले समेटेको हुन्छ । चलाखी र धूर्तता जस्ता विषय ऐयारी उपन्यासमा पाइन्छ । यस्ता उपन्यासहरूमा मानवीय र मानवेत्तर पात्रको पनि प्रयोग भएको पाइन्छ । मानवीय पात्रले अलौकिक कार्यहरू गरेको, मानवेतर पात्रले बोलेको,अर्ती उपदेश दिएको र ठुलाठुला साहसिक कार्यहरू गरेको देखाइन्छ । यस्ता उपन्यासले यथार्थ चित्रण नगरी अयथार्थ, अतिमानवीय, अतिप्राकृत, स्वच्छन्द प्रेमको प्रस्तुति, मानवले गर्न सक्नेभन्दा बाहिरका घटनाहरूको वणर्न गरेर पाठकलाई मनोरञ्जन दिन खोजिएको हुन्छ । पाठकमा कुतूहलमय, रहस्यमय वातावरणको सिर्जना गरी सनसनी फैलाएर आनन्द गराउनु यस्ता उपन्यासको उद्देश्यबनेको हुन्छ (बेन्टन तथा बेन्टन, सन् १९८१,पृ.२८९) । लेखकीय कल्पनाशक्तिको अहम् भूमिका हुने यस्ता उपन्यास कलाका दृष्टिले जीवन्त हुदैनन् । गिरिशवल्लभ जोशीको 'वीरचरित्र' सदाशिव शर्माको 'महेन्द्रप्रभा'यस प्रवृतिका उपन्यास हुन् (बराल र एटम,२०५८, पृ. ५३) ।

**मनोवैज्ञानिक उपन्यास**

मनोवैज्ञानिक उपन्यासमा मानव अन्तर्मनका भावनाको यथार्थ केलाउने गरिन्छ । फ्रायडको मनोवैज्ञानिक सिद्धान्तलाई यस्ता उपन्यासले स्रोत बनाएका हुन्छन्(बेन्टन तथा बेन्टन, सन् १९८१, पृ.२८) । मान्छेको मनको चित्रण भएका उपन्यास यसभन्दा अघि नभएका होइनन् तर फ्रायड, एडलर यु" जस्ता मनोवैज्ञानिकका सिद्धान्तहरूबाट प्रभावित भएर उपन्यासहरूरचना हुन थालेपछि मनोवैज्ञानिक उपन्यास लेखनको परम्परा स्थापित हुन्छ। मनोवैज्ञानिक उपन्यासहरू मनोवैज्ञानिक सिद्धान्तलाई आधार बनाएर सिर्जना भएको पाइन्छ । फ्रायडले भने ञ्चै"चेतन, अद्र्दचेतन र अचेतन गरी तीन प्रकारका मनको विश्लेषण गर्ने प्रवृत्ति मनोवैज्ञानिक उपन्यासमा पाइन्छ ।चरित्रकेन्द्रित यस्ता उपन्यासमा मानसिकताको असामान्य स्थितिको चित्रण र मानसिक कुण्ठालाई प्रस्तुत गरिएको हुन्छ । मनोवैज्ञानिक उपन्यासले बाह्य घटनाको चित्रणभन्दा मानसिक भावनाको अभिव्यक्तिलाई प्रधानता दिएको हुन्छ । अन्तद्र्वन्दहरूलाई आन्तरिक दृष्टिबिन्दु र विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको हुन्छ । मूलत ः यस्ता उपन्यासहरूले पात्रको अन्र्तमनको चित्रणमा जोड दिएका हुन्छन् । विजय मल्लको 'अनुराधा' र विश्वेश्वरप्रसाद कोइरालाको 'नरेन्द्र दाई' मनोवैज्ञानिक उपन्यासका उदाहरण हुन् (बराल र एटम,२०५८, पृ. ५५) ।

**आञ्चलिक उपन्यास**

आञ्चलिक उपन्यास कुनै सीमित भूगोलको सीमाभित्र रहेर विषयवस्तुको निरूपण गरिएको हुन्छ । कुनै खास क्षेत्र तथा भौगोलिकतालाई समेटेर उपन्यासमा स्थानीय भाषा, चालचलन, रहनसहन, रीतिरिवाजलाई चित्रण गर्ने उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ । कुनै खास स्थानको स्पष्ट जानकारी गराउनु यस्ता उपन्यासको उद्देश्य रहेको हुन्छ । कुनै खास जाति वा स्थानको धार्मिक, पौराणिक, ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक पर्यावरणलाई आञ्चलिक उपन्यासमा चित्रण गरिएको हुन्छ । शङ्कर काइरालाको 'खैरिनी घाट' आञ्चलिक उपन्यास हो ( राई, २०५०, पृ. २९९) । यसको प्रकाशनपश्चात् नेपाली उपन्यास परम्परामा अन्य आञ्चलिक उपन्यासहरू लेखिदै गए ।

**राजनीतिक उपन्यास**

राजनीतिक विषयवस्तुलाईआधार बनाएर पनि उपन्यासहरूको रचना भएको पाइन्छ ।कुनै पनि राजनीतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्व, घातप्रतिघात आदि विषयलाई समेटेर यस्ता उपन्यासको रचनागरिएको हुन्छ (न्यौपाने, २०३८,

पृ.२३४) । विचारधारामा परिवर्तन, त्यसको कार्यान्वयन, राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभाव, राजनीतिक व्यक्तिको भूमिका, सङ्गति असङ्गति आदिलाई यस्ता उपन्यासमा औपन्यासिक स्वरूप दिइन्छ र पाठकीय अभिरुचिमा बृद्धि हुन्छ । कुनै पनि निश्चित समयको राजनीतिक अवस्थामा आधारित भएर सिर्जना गरिएका यस्ता उपन्यासले ऐतिहासिक महत्वपनि राखेका हुन्छन् । कुनै राजनीतिक घटना, चरित्र, आन्दोलन जस्ता विषयहरू समयक्रममा इतिहास बनेको पाइन्छ । त्यसैले ऐतिहासिक र राजनीतिक उपन्यासका बिचमा निकट सम्बन्ध रहेको पाइन्छ । खड्कबहादुर सिंहको 'विद्रोह' (भाग १ र २), लीलाध्वज थापाको 'शान्ति', जर्ज अर्बेलको 'नाइन्टिन एटी फोर' राजनीतिक विषयका उपन्यास हुन् (बराल र एटम, २०५८, पृ. ५५।

**वैचारिक उपन्यास**

प्रत्येक उपन्यासमा कुनै न कुनै विचार व्यक्त भएको हुन्छ । तर कुनै सिद्धान्त, वाद वा विचारलाई प्रधानता दिई रचना गरिएका उपन्यासहरू वैचारिक उपन्यास हुन् । विचार, दर्शन एवम् चिन्तनलाई झल्काउनेउद्देश्य यस्ता उपन्यासमा रहेको हुन्छ (न्यौपाने, २०३८, पृ.२३६) । १९ औं" र बिसौं" शताब्दीमा पाश्चात्य मुलुकमा विभिन्न दर्शन, सिद्धान्त, चिन्तन, वाद र विचारधाराहरू देखिए । यसरी देखापरेका सिद्धान्त र वादहरूले साहित्यलाई पनि प्रभाव पार्‍यो । यस्ता उपन्यासमा प्रगतिवाद, यथार्थवाद, अतियथार्थवाद, अस्तित्त्ववाद, विसङ्गतिवादआदि जस्ता विविध वादहरूको प्रभाव परेको पाइन्छ ।

पुजीपति वर्ग र सर्वहारा वर्गको द्वन्द्वबाट समाजको विकास हुन्छभन्ने मार्क्सको द्वन्द्वात्मक भौतिकवादी विचारमा आधारित उपन्यासलाई प्रगतिवादी उपन्यास भनिन्छ (त्रिपाठी, २०४९,पृ. १५६)। यस्ता उपन्यासहरू द्वन्द्वात्मक भौतिकवादका साँचामा ढलेका हुन्छन् ।अवचेतन मनको निरूपण गर्ने फ्रायडवादबाट प्रभावित भएर पनि उपन्यासहरूको रचना गरियो । आन्तरिक अन्तर्मनको स्वप्निल अभिव्यक्ति दिने उपन्यास अतियथार्थवादी उपन्यास हुन् । अतियथार्थवादले अवचेतन वा स्वचालित लेखनमा जोड दिन्छ । निरर्थकता, निराशा, एक्लोपन, शून्यपन मृत्यु जस्ता कुरा विसङ्गतिवादका महत्वपूर्णपक्ष मानिन्छन् । अर्थहीन जीवन विसङ्गतमय भएर पनि मान्छेले आँनो अस्तित्वको लागि सङ्घर्ष गर्नु पर्छ, उत्तरदायित्व वहन गर्नैपर्छ भन्ने अभिव्यक्ति अस्तित्ववादमा रहेको हुन्छ । यस्तै विचारलाई समेटेर लेखिएका उपन्यासहरूनै विसङ्गतिवादी र अस्तित्त्ववादी उपन्यास हुन् । मानिसको जन्म हुँदा जे जति कुरा पाउ"छ त्यसलाई नै प्रकृति भनिन्छ । मानिस प्राकृतिक रूपमा नाङ्गो र पाशविक हुने हुँदा उसका गतिविधि, स्वभाव र नियतिको निरीक्षण यसै आधारमा गर्नुपर्छ भन्ने विचार प्रकृतवादले राखेको छ (न्यौपाने, २०३८,पृ ५८) ।प्रकृतिवादी उपन्यासमा पाशविक मानिसका अवचेतन मनका आवेगहरूको अभिव्यक्ति हुन्छ । पारिजातको 'शिरीषको फूल' र हृदयचन्द्रसिंह प्रधानको 'एक चिहान' उपन्यासहरू वैचारिक उपन्यासका उदाहरण हुन् (बराल र एटम, २०५८,पृ.५५) ।

**सांस्कृतिक उपन्यास**

सांस्कृतिक उपन्यासहरूमा सांस्कृतिक गतिविधि, परम्परा,रीतिरिवाज झल्किएको हुन्छ । कुनै खास समयको सांस्कृतिक पक्षलाई देखाउने उद्देश्यले रचना गरिएका उपन्यासहरू सांस्कृतिक उपन्यास हुन् । यस्ता उपन्यासमा संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत चित्रण गरिएको पाइन्छ । यस्ता उपन्यासले रहनसहन, बोलीभाषा, रीतिरिवाज आदिको विशेष चित्रण गरेको हुन्छ (बेन्टनतथा बेन्टन, सन् १९८१,पृ. २८५) ।मदनमणि दीक्षितको 'माधवी', दौलतविक्रम विष्टको 'ज्योति ज्योति महज्योति' लाई सांस्कृतिक उपन्यासका उदाहरणका रूपमा लिन सकिन्छ (बराल र एटम, २०५८, पृ. ५४) ।

**मिथकीय उपन्यास**

मिथकलाई विषयवस्तु बनाएर पनि थुप्रै उपन्यासहरूको रचना भएको छ । यस्ता उपन्यासहरूमा मूल मिथकलाई जस्ताको त्यस्तै प्रस्तुत नगरी तिनलाई समसामयिक मूल्यवत्ता प्रदान गरी अर्थात् नया" सन्दर्भमा ढालेर प्रस्तुत गरिएको हुन्छ ताकि विषयको प्रतिपादन तथा कथ्यको प्रस्तुति बेजोड बन्न सकोस् (मल्ल, २०६८,पृ.१०६) । नेपाली उपन्यास परम्परामा

मिथकलाई आधार बनाएर रचना गरिएका मिथकीय उपन्यासहरू नै विशेष महत्वका एवम् उत्कृष्ट रहेका छन् । विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' र मदनमणि दीक्षितको 'माधवी' मिथकीय उपन्यासका उदाहरण हुन् (मल्ल, २०६८, पृ.११८-१२२) ।

**कथातत्वका आधारमा उपन्यासको वर्गीकरण**

**चरित्रप्रधान उपन्यास**

चरित्रलाई बढी महत्व दिई त्यसलाई प्रकाशित गर्ने उद्देश्यले पनि उपन्यास रचना भएको पाइन्छ ।चरित्रप्रधान उपन्यासहरूमा पात्रहरूको मानसिकताको चिरफार गरिएको हुन्छ । उपन्यासको कथानक र कार्यव्यापारले चरित्रलाई प्रकट गरेका हुन्छन् । चरित्र-चित्रण र त्यसको विश्लेषणमा केन्द्रित भई सुक्ष्म विषयलाई कलात्मक शैलीमा प्रस्तुत गर्नु यस्ता उपन्यासको प्रवृत्ति हुन्छ । मनोवैज्ञानिक उपन्यासको कथानक खुकुलो हुने भएकाले यस्ता उपन्यास चरित्रप्रधान हुन्छन् (म्योर, सन् १९५७,पृ.२७) । विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' र विजय मल्लको 'अनुराधा' चरित्रप्रधान उपन्यासका उदाहरण हुन् (बराल र एटम, २०५८,पृ. ५७) ।

**घटनाप्रधान उपन्यास**

उपन्यासमा घटनाहरूको कुशल तारतम्य महत्वपूण्र् पक्ष बनेर रहेको हुन्छ । तारतम्य मिलाइएको कार्यकारण सम्बन्धमा आधारित घटनाहरूको संयोजनमा औपन्यासिक स्वरूप खडा भएको हुन्छ (प्रधान,२०५२, पृ. ७) । कथानक अघि बढाउने साधनका रुपमा मात्र पात्रको प्रयोग गरिएको हुन्छ । घटना र कार्यव्यापारका लागि चरित्रहरू हुन्छन् । पाठकीय मनोरञ्जन र कौतूहलतालाई ध्यान दिएर घटनाहरूको संयोजन र विस्तार गरिन्छ र यो रैखिक ढा“चमा हुन्छ (म्योर, सन् १९५७, पृ.२७) । रूपनारायण सिंहको 'भ्रमर' घटनाप्रधान उपन्यासको उदाहरण हो ।

**वातावरणप्रधान उपन्यास**

उपन्यासमा वातावरणको संयोजन महत्वपूण्र् पक्ष हो । उपन्यासलाई वातावरणको सफल संयोजनले यथार्थ र स्वाभाविक बनाउँछ (थापा,२०४७, पृ.१४३ ) । वातावरण प्रधान उपन्यासहरूमा भूगोल, प्रकृति, समाज, संस्कृति, भेषभूषा, रहनसहन, बोलीभाषाका साथै पात्रीय कार्यव्यापार र त्यसले उत्पन्न गरेको पात्रीय मनोभाव मुताविकको पाठकको मनोभाव सिर्जना गर्ने प्रवृत्तिको विशिष्ट अङ्कन गरिएको हुन्छ । यसमा बाह्यान्तरिक परिवेशको विशिष्ट चित्रण रहन्छ । उपन्यासकार प्रेमप्रकाश मल्लको 'झरेको पात' उपन्यास वातावरणप्रधान उपन्यास हो । त्यस्तै खैरेनीघाट उपन्यासमा नेपालको पूर्वी क्षेत्रको वातावरण प्रस्तुत गरिएको छ (थापा, २०४७, पृ.१४७) ।

**शैलीका आधारमा उपन्यासको वर्गीकरण**

**वणर्नात्मक उपन्यास**

उपन्यासकारले विशेषगरी कथावस्तुलाई तृतीय वा बाह्य दृष्टिबिन्दु शैलीमा प्रस्तुतगरेमा वणर्नात्मक उपन्यास हुन जान्छ । यस्ता उपन्यासमा पात्रको बानी व्यवहार आचार-विचार, रूप-स्वरूप आदिको प्रत्यक्षरूपमा वणर्नगरिएको हुन्छ । वणर्नात्मक शैलीमा स्रष्टाले सम्बन्धित घटनाको वणर्न तथा विवरण पेस गरेका हुन्छन् । लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' र इन्द्रबहादुर राईको 'आज रमिता छ' वणर्नात्मक शैलीको उपन्यासको उदाहरण हो (बराल र एटम,२०५८, पृ.५८) ।

**आत्मकथात्मक**

प्रथम पुरुष शैली वा आत्मकथात्मक शैलीमा पनि उपन्यास सिर्जना भएका छन् । यस्ता उपन्यासमा पात्रले आँनै जीवनमा घटेका घटनाहरूको वणर्न विश्लेषण गरेको जस्तो उपन्यासको वणर्न गरिएको हुन्छ (थापा, २०४७,पृ. १२७ ) । जीवनीको प्रस्तुतिमा जोड दिनु यस्ता उपन्यासको विशेषता हो । उपन्यासकार स्वयम्ले कथालाई प्रस्तुत गरेको हुन्छ । म पात्रले

आाँनो जीवनको बाह्य आन्तरिक घटनाहरूको प्रस्तुति गर्ने भएकाले आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ। घटनाभन्दा चरित्रको उद्घाटनलाई बढी प्राथमिकता दिइएको हुन्छ । यस्ता उपन्यासहरू चरित्रप्रधान हुने भएकाले चरित्र अनुकूलको घटनाको संयोजन गरिएको हुन्छ । विजय मल्लको 'अनुराधा' र पारिजातको 'शिरीषको फूल'आत्मकथात्मक शैलीकाउपन्यासका उदाहरण हुन् (बराल र एटम, २०५८, पृ.५८)।

**डायरी शैली**

आफ्ना दैनिक जीवनका स्मरण वा घटनालाई दैनिकीका रूपमा टिपोट गरी अभिव्यक्ति दिने विधिलाई डायरी शैलीका रूपमा लिइन्छ (थापा,२०४७, पृ. १२८) ।यस्तो शैलीमा पनि उपन्यासको रचना गरिन्छ। दैनिकीमा आधारित भएर लेखिएका उपन्यास डायरी शैलीका उपन्यास हुन् । पात्रका दैनिक जीवनमा घटेका घटनालाई व्यवस्थित र क्रम मिलाएर डायरीमा टिप्दै कथाको रचना र चरित्रलाई उद्घाटन गर्नु यस्ता उपन्यासहरूको विशेषता हो। पारिजातको 'अन्तर्मुखी'लाई डायरी शैलीको आंशिक उदाहरणका रूपमा लिन सकिन्छ (बराल र एटम, २०५८,पृ. ५९)।

**नाटकीय**

घटनाले चरित्रलाई र चरित्रले घटनालाई विकसित गरेका र नाटकीय संवादहरूको बाहुल्यता रहेमा नाटिकीयताको सिर्जना हुन्छ (बराल र एटम २०५८, पृ. ५८)। नाटकीय शैलीमा घटनाले चरित्रलाई र चरित्रले घटनालाई विकसित गरेका हुन्छन्। पात्रहरू बिचको संवादका माध्यमबाट कथावस्तु अघि बढ्छ र चरित्र स्थापित गरिएको हुन्छ। यस्ता उपन्यासमा घटना र चरित्रहरूलाई पूरै नाटकीय रूपमा स्थापित नगरी संवादहरूको बाहुल्यतामा प्रस्तुत गरिएको हुन्छ। जेन आस्टिनको 'प्राइड एण्ड प्रिजुडिस' र लीलाध्वज थापाको 'मन' नाटकीय उपन्यासका उदाहरण हुन् (बराल र एटम, २०५८, पृ.५८)।

**पत्रात्मक**

पत्र रचनाको शैली नै पत्रात्मक शैली हो। यस्ता उपन्यासमा उपन्यासकारको व्यक्तिगत भावनाले स्थान पाएको हुन्छ । कथावस्तु र चरित्रको उद्घाटन पात्रहरूको एक अर्कालाई लेखेको पत्रहरूको माध्यमबाट हुन्छ(न्यौपाने,२०३८,पृ.२२७) ।यस्ता उपन्यासमा केन्द्रीय पात्र प्रथम पुरुषमा र जसलाई उसले सम्बोधन गरेको हुन्छ, त्यो द्वितीय पुरुषका रूपमा रहेको हुन्छ। असित राईको 'पहिरो जाने पहाड' लाई पत्रात्मक शैलीको उपन्यासको उदाहरणका रूपमा लिन सकिन्छ (बराल र एटम,२०५८, पृ.५९)।

**निष्कर्ष**

उपन्यासमा मानव जीवनको समग्रताको अभिव्यक्ति हुन्छ। कथानक, पात्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली, संवाद, उद्देश्य आदि तत्वहरूको यौगिक प्रक्रियाबाट उपन्यासको संरचना तयार हुन्छ। यसमा जीवन समग्रताको अभिव्यक्ति रहने भएकोले यसको संरचना र आयाम व्यापक र विस्तृत हुन्छ। यो कलासौन्दर्ययुक्त गद्य आख्यानका रूपमा रहने साहित्यको महत्ववपूणर् विधा हो। साहित्यको यस विधालाई विभिन्न आधारबाट विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ। जस्तो, उपन्यासमा प्रस्तुत विषय र जीवनका आधारमा यसलाई सामाजिक, साहित्यिक, जासुसी, तिलस्मी ऐयारी, ऐतिहासिक, सांस्कृतिक, मनोवैज्ञानिक, राजनीतिक, आञ्चलिक, वैचारिक, मिथकीय उपन्यास गरी विविध भागमा वर्गीकरण गर्न सकिन्छ । सामाजिक विषयवस्तुमा आधारित सामाजिक उपन्यास, रहस्य, रोमाञ्च, साहस, जादु-चमत्कार आदिले भरिएका उपन्यास, साहसिक, जासुसी, तिलस्मी ऐयारी उपन्यास, कुनैइतिहासको महत्वपूणर् घटना, चरित्र र परिवेशलाई चित्रित गर्ने ऐतिहासिक उपन्यास, कुनै खास संस्कृतिको चित्रणमा अवलम्बित सांस्कृतिक उपन्यास, पात्रीय मनोविश्लेषणमा डोरिएका मनोवैज्ञानिक उपन्यास, राजनीतिक विषयवस्तुमा आधारित राजनीतिक उपन्यास, कुनै खास स्थानको विशिष्ट अङ्कन गर्ने आञ्चलिक उपन्यास, कुनै खास विचार वा दर्शनमा अवलम्बित वैचारिक उपन्यास हुन्। कथातत्वको प्रधानताका आधारमा उपन्यासलाई घटनाप्रधान, चरित्रप्रधान र वातावरणप्रधान गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ। घटनाहरूको वणर्नलाई जोडदिने

घटनाप्रधान, चरित्रचित्रणलाई जोड दिने चरित्रप्रधान र वातावरणकोचित्रणलाई बढी जोड दिने वातावरणप्रधान उपन्यास हुन् । त्यसैगरी शैलीका आधारमा उपन्यासलाई नाटकीय, वणर्नात्मक, आत्मकथात्मक, पत्रात्मक र डायरी गरी पा“च भागमा वर्गीकरण गर्न सकिन्छ । संवादको ज्यादा प्रयोग गरी पात्रहरू बिच अन्तक्र्रिया गराई घटना र चरित्रलाई स्थापित गर्ने शैलीका नाटकीय उपन्यास, आफैले घटना, चरित्र, परिवेश आदिको वणर्न विश्लेषण गर्ने वणर्नात्मक, प्रथम पुरुष शैलीमा संरचित भएका आाँनो जीवन-कथा प्रस्तुत गर्ने आत्मकथात्मक, पत्रको शैलीमा लेखिएका पत्रात्मक र दैनिकी शैलीमा लोखिएका उपन्यास डायरी शैलीका उपन्यास हुन् ।

**सन्दर्भसूची**

एलेन, हर्भे (सन् १९९४), हिस्ट्री एन्ड द नोभेल, एटलान्टिक मन्थली ।

कैलाश, प्रकाश (सन् १९६२), प्रेमचन्द पूर्व हिन्दी उपन्यास, दिल्लीः हिन्दी साहित्य संसार ।

त्रिपाठी, वासुदेव (२०२८), विचरण, काठमाडौ“ ः भानु प्रकाशन ।

त्रिपाठी, वासुदेव(२०४९), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग २, तेस्रो संस्क.,काठमाडौ“ ः साझा प्रकाशन ।

थापा, मोहन हिमांशु (२०४७), साहित्य परिचय, ललितपुर ः साझा प्रकाशन ।

नगेन्द्र (सम्पा.) (सन् १९८१) , भारतीय साहित्य कोश,नयी“ दिल्ली ः नेशनल पब्लिसिङ्ग हाउस ।

न्यौपाने, टङ्कप्रसाद (२०३८), साहित्यको रूपरेखा, ललितपुर ः साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), नेपाली उपन्यास र उपन्यासकार, तेस्रो संस्क. , ललितपुर ः साझा प्रकाशन ।

फोर्ड, लिसेस्टर पोल (सन् १९८७), दि अमेरिकन हिस्टोरिकल नोभेल, एटलान्टिक मन्थली ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८),उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दोस्रो संस्क., ललितपुर ः साझा प्रकाशन ।

बेन्टन, विलियम तथा हेलेन जी हेमिङ वे बेन्टन (सन् १९८१), इन्साइक्लोपेडिया ब्रिटानिका, भाग १३,लन्डन ।

मल्ल, महेन्द्रकुमार (२०६८)आधुनिक नेपाली उपन्यासमा मिथक (२०६८) अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर ः त्रिभुवन विश्वविद्यालय ।

म्योर, एड्मिन (सन् १९५७), दि स्ट्रक्चर्स अफ दि नोभेल, लन्डन ः होगार्थ प्रेस प्रा.लि. ।

राई, इन्द्रबहादुर (२०५०), नेपाली उपन्यासका आधारहरू, दोस्रो संस्क., ललितपुर ः साझा प्रकाशन ।

वेब्स्टर (वर्ष ?), इन्टरनेसनल डिक्सनरी, दोस्रो संस्क., सि एन्ड सि मोरियम कर्पोरेसन ।

श्रीवास्तव, शिवनारायण (सन् १९६६), हिन्दी उपन्यास (ऐतिहासिक अध्ययन), वाराणसी ः सरस्वती मन्दिर ।

सिप्ली, जोसेफ टि. (सन् १९४३), डिक्सनरी अफ वल्र्ड लिटरेचर,न्यूयोर्क ः द फिलोसोफिकल लाइब्रेरी ।

मल्ल, महेन्द्रकुमार (२०६८) आधुनिक नेपाली उपन्यासमा मिथक (२०६८) अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, कीर्तिपुर ः त्रिभुवन विश्वविद्यालय ।